आज मिति २०७७/०१/०७ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा **District Corana Crisis Management Center** (**DCCMC**) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

<u>उपस्थिति:</u>

<u>सल्लाहकार:</u>

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

<u>समिति:</u>

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | महेन्द्रनाथ भट्टराई | जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ८ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

<u>निर्णयहरु :-</u>

१. जिल्लाको महत्वपूर्ण र जनसम्पर्क अधिक हुने स्थानहरुमा जिल्ला रेडक्रश सोसाइटीको पहलमा Disinfection Spray गर्ने व्यवस्था मिति २०७७/०१/०८ गतेबाट सुरु गर्ने निर्णय गरियो ।

२. पालिका भित्र दिर्घ रोग लागि नियमित औषधि खाइरहेका व्यक्तिहरुलाई औषधिको नियमित उपलव्धता सुनिश्चित गर्न औषधि सेवन गर्नुपर्ने व्यक्तिहरु र आवश्यक औषधिहरुको विवरण संकलन गरी सम्वन्धीत स्थानीय तहको स्वास्थ्य शाखा मार्फत औषधि आपूर्ति व्यवस्थापनको लागि समन्वय गर्न अनुरोध गर्ने ।

३. जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट जिल्ला प्रहरी कार्यालय, गोरख बक्स गण र सशस्त्र प्रहरी बललाई (१००ml) को १००/१०० थान Hand Sanitizer उपलव्ध गराउने निर्णय गरियो ।

४. गृह मन्त्रालयको च.नं.३५८७ मिति २०७७/०१/०७ को पत्र प्राप्त भई पढि बाची सुनियो ।सो पत्रानुसार COVID-19 को विपयलाई लिएर सामाजिक सदभावमा प्रतिकुल असर पर्नेगरी विभिन्न संञार माध्यम तथा सामाजिक सञ्जाल मार्फत सूचना प्रवाह हुने गरेको पाइएकाले यस किसिमको गलत सूचना नियन्त्रण गर्न तथा सामाजिक सदभाव र धार्मिक सहिष्णुतामा आँच नआउने गरी प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन सबै सुरक्षा निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. मिति २०७७/०१/०७ गतेसम्म COVID-19 को २५५ जनामा RDT र १९ जनामा PCR परीक्षण गरिएकोमा १५ जनाको Report Negetive आइसकेको र ४ जनाको Report आउन बाँकी रहेकोमा हालसम्मको जिल्लाको अवस्था सन्तोषजनक रहेको समिक्षा गरियो ।

६. भारतीय (श्रमिक/कामदारहरु) र अन्य कुनै काम विशेपले जिल्ला भित्र रहेका नमाज पढ्न मस्जिद मदरसामा आउने जाने गरेका व्यक्तिहरु रहेमा त्यस्ता व्यक्तिको RDT परीक्षण गर्ने र सो को व्यवस्था जिल्ला स्वास्थ्य कार्यालयले मिलाउने निर्णय गरियो ।

७. मिति २०७७/०१/०४ गतेको DCCMC ले गठन गरेको पुल तथा बाटो निर्माण सम्वन्धमा पेश गरेको निर्माणकार्य संचालन गर्ने सम्बन्धी प्राप्त हुन आएको कार्यविधि, परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो गृह मन्त्रालयको च.नं.३५७२ मिति २०७७/०१/०५ को पत्रबाट उल्लेख भएबमोजिम सवारी पासको व्यवस्था गर्ने गराउने निर्णय गरियो ।

८. काठमाडौं उपत्यकामा Lockdown का कारणले खाद्यान्न अभाव भै संकटमा परेका यस जिल्लाका सर्वसाधारणहरुलाई सम्बन्धीत पालिकाहरुले आ-आफ्नो पालिकावासिहरुलाई खाद्यान्न लगायतका राहत सामाग्री व्यक्ति हाल बसोबास गरिरहेको स्थानीय तहसँग समन्वय गरी उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।